वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक १८९ | २०८३ मंसिर ०२ गते बुधबार, नेपाल सम्वत् ११४७ November 18, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com भञ्ज्याङ

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत | "विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।



भिमादको डुम्रीबँसीमा मङ्सिरे चटारो, धानदेखि घ्यूसम्मको मूल्य सार्वजनिक

तनहुँको भिमाद नगरपालिका-१ डुम्रीबँसीमा यतिबेला मङ्सिरे चटारो सुरू भएको छ । धान काट्ने, झार्ने र पराल थन्क्याउनेदेखि खेतबारी खनजोत गर्ने काममा किसान व्यस्त हुन थालेका छन् । यसैबीच स्थानीयस्तरमा कृषि उपज, कृषि औजार, श्रम तथा दैनिक उपभोग्य वस्तुको दरभाउ समेत सार्वजनिक गरिएको छ । 'मेहनती बनौं, खेतबारी बाँझो नराखौं' भन्ने सन्देशसहित सार्वजनिक गरिएको दरभाउमा धान, पराल, मल, कृषि श्रम तथा स्थानीय उत्पादनको मूल्य उल्लेख गरिएको छ ।

निर्धारित दरअनुसार सावित्री धानको मूल्य प्रतिमुरी दुई हजार ६०० रूपैयाँ र वार धानको मूल्य प्रतिमुरी दुई हजार ९०० रूपैयाँ तोकिएको स्थानीय कृषक दयाराम श्रेष्ठले जानकारी गराए । उनका अनुसार परालको मूल्य प्रतिभारी १५० रूपैयाँ निर्धारण गरिएको छ भने आफैंले भारी बाँधेर लैजानेका लागि प्रतिभारी १०० रूपैयाँ पर्नेछ ।

कृषि कार्यका लागि थ्रेसर प्रयोग गर्दा प्रतिमिनेट ५० रूपैयाँ र मिनीट्याक्टरबाट खेतबारी जोत्दा प्रतिघण्टा एक हजार रूपैयाँ लाग्नेछ । हँसिया, कोदालो र बन्चरो अर्जापेको प्रतिपिस ६० देखि ८० रूपैयाँ तथा खेताला ज्याला प्रतिघण्टा १०० रूपैयाँ तोकिएको कृषक श्रेष्ठले जानकारी गराए । बाँध तथा कुलोमा निमेक गर्दा प्रतिदिन ४०० रूपैयाँ ज्याला निर्धारण गरिएको छ ।

त्यसैगरी गोठे मल प्रति डोको ८० रूपैयाँ र युरिया मल प्रतिबोरा एक हजार ३०० रूपैयाँ कायम गरिएको छ । स्थानीय उत्पादनतर्फ भैंसीको घ्यू र पकाएको चुक प्रतिमाना एक हजार रूपैयाँ, शुद्ध अर्गानिक मह प्रतिमाना एक हजार २०० रूपैयाँ तथा एभोकाडो प्रतिकिलो २५० रूपैयाँ मूल्य निर्धारण गरिएको उनले जानकारी गराए ।

स्थानीयस्तरमै कृषि उपज र श्रमको दरभाउ सार्वजनिक हुनुले किसान तथा उपभोक्तालाई कारोबारमा सहज हुने अपेक्षा गरिएको छ । खेतबारी बाँझो नराखी कृषि उत्पादनमा सक्रिय हुन र स्थानीय उत्पादनको बजारीकरणलाई प्रोत्साहन गर्न यो मूल्य सूचि सार्वजनिक गरिएको कृषक श्रेष्ठले जानकारी गराए ।

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम : बेनीकोटलाई उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ बनाइने

भञ्ज्याङ समाचारदाता/दमौली

तनहुँको व्यास नगरपालिका-१३ स्थित बेनीकोट भञ्ज्याङ र छापडाँडा क्षेत्रलाई उद्यमशीलतायुक्त सांस्कृतिक गाउँका रूपमा विकास गरिने भएको छ। कृषि तथा पर्यटन प्रवर्द्धनमार्फत स्थानीयस्तरमा उद्यमशीलता विकास गरी गाउँको आर्थिक तथा सांस्कृतिक पहिचान स्थापित गर्ने उद्देश्यले डेढ करोड रूपैयाँ लागतको परियोजना सञ्चालन गर्न लागिएको हो ।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालन हुने 'उद्यमशीलतायुक्त सांस्कृतिक गाउँ बेनीकोट' परियोजनाको मंगलबार व्यास नगरपालिका-१३ बेनीकोट भञ्ज्याङ, छापडाँडामा अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

कार्यक्रममा व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको सदुपयोग गरेर गाउँमै रोजगारी तथा आम्दानीका अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए। उनले विकासका योजना कागजमा सीमित नभई स्थानीयको सक्रिय सहभागिताबाट व्यवहारमा देखिनुपर्ने उल्लेख गर्दै बेनीकोटलाई कृषि, संस्कृति र पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा उपप्रमुख इन्दिरा दरैले स्थानीय कला, संस्कृति, मौलिक पहिचान र परम्परागत पेसाको संरक्षणसँगै महिलासहित स्थानीय समुदायलाई उद्यमशीलतामा जोड्नुपर्नेमा जोड दिइन् ।

प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले परियोजनाको प्रभावकारी कार्यान्वयन, पारदर्शिता र उपलब्धिको दिगोपनमा स्थानीयको अपनत्व तथा सक्रिय सहभागिता भएमात्र यो कार्यक्रम प्रभावकारी बन्ने बताए ।



परियोजनाअन्तर्गत पर्यटन प्रवर्द्धनका लागि होमस्टेको स्तरीकरण, आतिथ्यता विकास, मौलिक कला-संस्कृतिको संरक्षण, संग्रहालय व्यवस्थापन, मगर समुदायको पहिचान तथा भेषभूषाको प्रवर्द्धन, प्रचारप्रसार र सरसफाइका कार्यक्रम सञ्चालन गरिने प्रमुख प्रशासकीय अधिकृत लम्सालले जानकारी गराए ।

उनका अनुसार कार्यक्रम अन्तर्गत ड्रागन फ्रुट खेती विस्तार, रैथाने बाली संरक्षण तथा सिँचाइ व्यवस्थापनमा पनि लगानी गरिनेछ। २०८४ जेठ ३० गतेसम्म सञ्चालन हुने परियोजनाले बेनीकोटको आर्थिक, सामाजिक तथा पर्यटकीय सम्भावनालाई उजागर गर्ने अपेक्षा गरिएको छ । कार्यक्रममा व्यास नगरपालिकाका विभिन्न वडाका अध्यक्ष, शाखा प्रमुख, कर्मचारी तथा स्थानीय बासिन्दाको सहभागिता रहेको थियो ।

परियोजनामा गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको साझेदारी रहनेछ। कुल एक करोड ५० लाख रूपैयाँ लागत अनुमान गरिएको परियोजनामा प्रदेश सरकारले ७५ प्रतिशत अर्थात् एक करोड १२ लाख ५० हजार रूपैयाँ र व्यास नगरपालिकाले २५

बाँकी तेश्रो पेजमा

हिमालय आँखा अस्पतालको सेवा अब दमौलीमै

भञ्ज्याङ समाचारदाता/दमौली

सामान्य आँखाको समस्या हुँदा पनि उपचारका लागि पोखरा धाउनुपर्ने व्यास नगरवासीको बाध्यता कम हुने भएको छ । व्यास नगरपालिकाको कार्यालयमै आँखा उपचार केन्द्र सञ्चालनमा आएपछि स्थानीयस्तरमै आँखाको परीक्षण तथा उपचार सेवा उपलब्ध हुने भएको हो ।



नेपाल नेत्रज्योति संघ, हिमालय आँखा अस्पताल पोखरा र व्यास नगरपालिकाको सहकार्यमा स्थापना गरिएको केन्द्रको सोमबार शुभारम्भ गरिएको छ । केन्द्र सञ्चालनमा आएसँगै आँखासम्बन्धी सामान्य समस्या लिएर टाढा जानुपर्ने समय र खर्च दुवै बचत हुने अपेक्षा गरिएको छ ।

नगर प्रमुख वैकुण्ठ न्यौपानेले स्थानीय नागरिकलाई सहज र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले उपचार केन्द्र स्थापना गरिएको बताए । उनले स्वास्थ्य सेवालाई नागरिकको पहुँचमा पुऱ्याउनु स्थानीय सरकारको प्राथमिकता भएको उल्लेख गर्दै केन्द्रलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

केन्द्र शुभारम्भका दिन निःशुल्क आँखा परीक्षणको व्यवस्था गरिएको थियो । बुधबारदेखि भने प्रतिव्यक्ति ५० रूपैयाँ शुल्कमा आँखा परीक्षण सेवा उपलब्ध गराइने व्यवस्था मिलाइएको छ ।

उपचार केन्द्रका लागि आवश्यक कर्मचारी तथा प्राविधिक जनशक्ति हिमालय आँखा अस्पताल पोखराले व्यवस्थापन गर्नेछ । अस्पतालसँगको सहकार्यले केन्द्रबाट उपलब्ध हुने सेवाको गुणस्तर र निरन्तरतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपाल नेत्रज्योति संघ कास्कीका अध्यक्ष एवं हिमालय

बाँकी तेश्रो पेजमा

सम्पादकीय .....

www.bhanjyangnews.com

बन्दीपुरमा पर्यटकको भीड, व्यवस्थापनमा किन कमी ?

पहाडकी रानीका नामले परिचित तनहुँको बन्दीपुरमा यतिबेला पर्यटकको चाप बढेको छ । चाडपर्वको बिदा र पर्यटकीय याम सुरू भएसँगै होटल तथा घरबास भरिभराउ छन्। कोठा नपाएर कतिपय पर्यटक अन्यत्र फर्कनुपरेको अवस्था छ । पर्यटकको आगमनले बजारमा चहलपहल बढाएको छ, व्यवसायी उत्साहित छन् । तर, पर्यटकको मागअनुसार सामान्य आधारभूत सुविधा उपलब्ध गराउन नसक्नु बन्दीपुरको पर्यटन व्यवस्थापनका लागि गम्भीर प्रश्न बन्न थालेको छ । पर्यटक तान्न सक्ने गन्तव्यले उनीहरूलाई बसाउन नसक्नु विकासको सफलता होइन, व्यवस्थापकीय कमजोरी हो। बन्दीपुरमा होटल तथा होमस्टे गरी करिब एक हजार चार सय जनालाई बास बसाउन सक्ने क्षमता छ । करिब ८० होटल र चार होमस्टे सञ्चालनमा छन् । यति धेरै होटल तथा घरबास हुँदाहुँदै पनि पूर्ण क्षमतामा सेवा दिन नसक्नु विडम्बना हो । पर्यटकको चाप बढ्ने समय अनुमान गर्न नसकिने विषय होइन । हरेक वर्ष चाडपर्व र पर्यटकीय याममा पर्यटकको आगमन बढ्छ भन्ने जानकारी हुँदाहुँदै पनि खानपान र आवास व्यवस्थापनमा समयमै तयारी नहुनु स्थानीय सरकार र पर्यटनसम्बद्ध निकायका लागि गम्भीर समीक्षा गर्नुपर्ने विषय हो । र्यटन भनेको पर्यटकको संख्या बढाउनु वा होटल भरिनु मात्र होइन । पर्यटकलाई सहज आवास, स्वच्छ खानेपानी, सरसफाइ, सुरक्षित वातावरण र गुणस्तरीय सेवा उपलब्ध गराउनु पनि पर्यटन विकासकै आधार हुन् । बन्दीपुरमा अहिले देखिएको समस्या सामान्य मौसमी चापको परिणाम भनेर पन्छिन मिल्दैन । पर्यटकलाई कोठा नपाएर अन्यत्र जानुपर्ने अवस्था आउनु भनेको बन्दीपुरले प्राप्त गर्न सक्ने आर्थिक अवसर गुमाउनु पनि हो । पर्यटकको बसाइ छोटिँदा होटल, रेस्टुरेन्ट, यातायात, स्थानीय उत्पादन र साना व्यवसायले पाउने आम्दानीसमेत प्रभावित हुन्छ । बन्दीपुरको विशेषता होटल र रेस्टुरेन्टमा मात्र सीमित छैन । यसको वास्तविक सम्पत्ति ऐतिहासिक बजार, परम्परागत वास्तुकला, मौलिक संस्कृति, धार्मिक सम्पदा र प्राकृतिक सौन्दर्य हो । भक्तपुरे शैलीका घर, कलात्मक झ्यालढोका, ढुङ्गा बिछ्याइएका सडक र पुरानो बजारले बन्दीपुरलाई विशिष्ट पहिचान दिएका छन् । अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमश्रृंखलाको दृश्य, हरियाली डाँडाकाँडा र शान्त वातावरणले यसलाई प्रकृतिप्रेमी पर्यटकको आकर्षक गन्तव्य बनाएका छन् । आधुनिक सहरको कोलाहलबाट टाढा मौलिक नेपाली बस्तीको अनुभव लिन चाहने पर्यटकका लागि बन्दीपुर आफैंमा एउटा खुला सम्पदा हो ।

खड्गदेवी, थानीमाई र महालक्ष्मी मन्दिरले धार्मिक पर्यटकलाई आकर्षित गर्छन् । सिद्धगुफा, मणिमुकुन्द सेन दरबार, मिनी ग्रेटवाल, तीनधारा, टुँडिखेल, रानीवन, रामकोट र सुनखरीजस्ता स्थलले बन्दीपुरको पर्यटकीय सम्भावनालाई थप फराकिलो बनाएका छन्। यी सम्पदाको प्रचारप्रसार र संरक्षणसँगै व्यवस्थित पर्यटन मार्ग निर्माण गर्न सके पर्यटकलाई केही घण्टा घुमाएर फर्काउने होइन, धेरै दिनसम्म बन्दीपुरमा बस्ने वातावरण बनाउन सकिन्छ । यसका लागि ग्रामीण पर्यटनलाई प्राथमिकतामा राख्न आवश्यक छ। बन्दीपुरको पर्यटनलाई पुरानो बजारका होटल र रेस्टुरेन्टमा मात्र सीमित राख्नु हुँदैन । आसपासका गाउँबस्तीमा रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोड्नुपर्छ । होमस्टेमार्फत स्थानीय खानपान, रहनसहन, कृषि, पशुपालन, कला र संस्कृतिको अनुभव पर्यटकलाई दिन सकिन्छ । गाउँमा उत्पादित तरकारी, फलफूल, दूध, घ्यू, स्थानीय परिकार र हस्तकलाका सामग्रीलाई पर्यटकसँग जोड्न सके पर्यटनको आम्दानी गाउँसम्म पुग्छ । यसबाट महिला, युवा, किसान र साना उद्यमीले आफ्नै ठाउँमा रोजगारी र आयआर्जनको अवसर पाउन सक्छन् । पर्यटनको लाभ केही होटल व्यवसायीमा मात्र सीमित हुनु हुँदैन । स्थानीय समुदायले पनि त्यसको प्रत्यक्ष लाभ पाउनुपर्छ । त्यसका लागि होमस्टे सञ्चालनमा सहजीकरण, स्थानीय उत्पादनको बजारीकरण, सीप तथा आतिथ्यसम्बन्धी तालिम र गाउँस्तरमा पर्यटकीय पूर्वाधार निर्माण आवश्यक छ । पर्यटनबाट हुने आम्दानी स्थानीय अर्थतन्त्रमा घुमिरहने वातावरण बनाउन सके मात्र ग्रामीण पर्यटनको उद्देश्य पूरा हुन्छ ।

अर्कोतर्फ, बन्दीपुरको मौलिकता जोगाउनु पनि उत्तिकै चुनौतीपूर्ण छ । पर्यटक बढे भन्दैमा जथाभावी संरचना निर्माण गर्ने, प्राकृतिक सम्पदा मास्ने र पुरानो बजारको स्वरूप बिगार्ने छुट कसैलाई हुनु हुँदैन । फोहोर व्यवस्थापन, सार्वजनिक शौचालय, पार्किङ, पदमार्ग, सूचना प्रणाली र सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनुपर्छ । पर्यटन पूर्वाधारको नाममा बन्दीपुरको मौलिक पहिचान नै नष्ट हुने अवस्था आउन दिनु हुँदैन। अब बन्दीपुर गाउँपालिका र पर्यटनसम्बद्ध निकायले तत्कालीन समस्या समाधानसँगै दीर्घकालीन योजना कार्यान्वयनमा ध्यान दिनुपर्छ । खानेपानीको भरपर्दो स्रोत र वितरण प्रणाली विकास गर्नु पहिलो आवश्यकता हो । होटल तथा घरबासको सेवा गुणस्तर सुधार, पर्यटकको चापअनुसार पूर्वाधार व्यवस्थापन र बाह्रै महिना पर्यटक आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ । चाडपर्व र पर्यटकीय याम आउनुअघि नै आवश्यक तयारी गर्ने प्रणाली विकास गर्नुपर्छ । पर्यटकको सत्या, बसाइ अवधि, खर्च र सन्तुष्टिबारे नियमित तथ्याङ्क राखेर योजना बनाउने अभ्यास पनि सुरू गर्नुपर्छ। बन्दीपुरमा पर्यटक आउन थालेका छन्, अब उनीहरूलाई किन रोक्न सकिएन भन्ने प्रश्नको जवाफ खोज्नुपर्छ । पर्यटकको भीड देखाएर पर्यटन विकासको सफलता घोषणा गर्नु पर्याप्त छैन । पर्यटकले सहज सेवा पाएका छन् कि छैनन्, स्थानीयले आम्दानीको अवसर पाएका छन् कि छैनन् र बन्दीपुरको प्राकृतिक तथा सांस्कृतिक सम्पदा सुरक्षित छन् कि छैनन् भन्ने आधारमा पर्यटन विकासको मूल्याङ्कन हुनुपर्छ। बन्दीपुरको आकर्षण जोगाउँदै पर्यटकको बसाइ लम्ब्याउने र पर्यटनको लाभ गाउँगाउँसम्म पुऱ्याउने जिम्मेवारी स्थानीय सरकार र सरोकारवालाको हो । पर्यटकको भीडलाई दिगो आर्थिक अवसरमा बदल्न नसके बढ्दो लोकप्रियताको अर्थ अधुरै रहनेछ ।

डोजरले सडक बनाउँदै छ कि नेपालको पदयात्रा पर्यटनको भविष्य भत्काउँदैछ ?

नेपाल प्राकृतिक सुन्दरता, हिमश्रृंखला, जैविक विविधता, मौलिक संस्कृति र अतिथि सत्कारका कारण विश्व पर्यटन मानचित्रमा विशिष्ट पहिचान बनाउन सफल देश हो। यही पहिचानलाई संसारभर फैलाउने प्रमुख माध्यममध्ये नेपालको पदयात्रा पर्यटन पनि एक हो । सगरमाथादेखि अन्नपूर्णसम्म, मनास्लुदेखि लाङटाङसम्म र कञ्चनजंघादेखि मुस्ताङसम्मका पदमार्गले दशकौंदेखि लाखौं विदेशी पर्यटकलाई नेपालसँग जोड्दै आएका छन् । यी पदमार्ग केवल हिमाल चढ्ने वा पहाडमा हिँड्ने बाटो मात्र होइनन्। यी नेपालको प्राकृतिक, सांस्कृतिक, सामाजिक र आर्थिक पहिचानका जीवन्त सम्पदा हुन् । तर आज एउटा गम्भीर प्रश्न हाम्रो सामुन्ने उभिएको छ- दशकौंको मिहिनेत, लगानी र अनुभवबाट विश्व पर्यटन बजारमा स्थापित हुँदै गएको नेपालको पदयात्रा पर्यटनलाई हामी आफैंले विकासका नाममा कमजोर बनाउँदै त छैनौं ? के हामी सडक निर्माण गर्दै गर्दा नेपालको पदयात्रा पर्यटनको भविष्यमा डोजर चलाइरहेका त छैनौं ?

म विकासको विरोधी होइन, सडकको पनि विरोधी होइन

सबैभन्दा पहिले एउटा कुरा स्पष्ट पार्न चाहन्छु- म विकासको विरोधी होइन। म सडक निर्माणको पनि विरोधी होइन । दुर्गम गाउँसम्म सडक पुग्नुपर्छ। नागरिकले सहज यातायातको सुविधा पाउनुपर्छ। बिरामीले समयमै अस्पताल पुग्न पाउनुपर्छ। बालबालिकाले शिक्षा, किसानले बजार र स्थानीय नागरिकले आधुनिक विकासका सुविधाहरू प्राप्त गर्नुपर्छ। सडक विकासको महत्वपूर्ण पूर्वाधार हो । तर विकास भनेको सडक मात्र हो र सडक पुग्नु नै समृद्धिको अन्तिम सूचक हो भन्ने सोचबाट हामी माथि उठ्न आवश्यक छ । विकासले नयाँ सम्भावना सिर्जना गर्नुपर्छ, पुराना सम्भावनालाई समाप्त गर्नु हुँदैन । प्रश्न सडक बनाउने कि नबनाउने भन्ने होइन । प्रश्न सडक बनाउँदा वर्षौंदेखि स्थापित पदमार्ग, पर्यटन गन्तव्य र स्थानीय अर्थतन्त्रलाई कसरी जोगाउने भन्ने हो ।

कुनै क्षेत्रमा सडक निर्माण गर्नुपर्ने आवश्यकता छ भने त्यसअघि पर्यटनमा पर्ने प्रभावको अध्ययन किन नगर्ने ? सम्भव भएसम्म वैकल्पिक मार्ग किन नखोज्ने ? स्थानीय समुदाय, पर्यटन व्यवसायी, संरक्षणकर्मी र सरोकारवालासँग छलफल किन नगर्ने ? एउटा डोजरले केही दिनमै पहाड चिरेर सडक खोल्न सक्छ । तर दशकौं लगाएर निर्माण भएको एउटा पर्यटन गन्तव्यको अन्तर्राष्ट्रिय पहिचान, विश्वसनीयता र बजार पुनः स्थापित गर्न वर्षौं लाग्न सक्छ ।

एउटा पदमार्गसँग हजारौं परिवारको भविष्य जोडिएको हुन्छ

हामीले पदमार्गलाई केवल ढुङ्गा, माटो र पहाडबीचको बाटोका रूपमा बुझ्नु हुँदैन। एउटा सफल पदयात्रा गन्तव्यसँग स्थानीय होटल, लज, चिया पसल, रेस्टुरेन्ट, भरिया, पथप्रदर्शक, यातायात व्यवसायी, किसान, हस्तकला व्यवसायी र साना उद्यमीको जीवन जोडिएको हुन्छ । विदेशी पर्यटक कुनै गाउँ पुग्दा त्यहाँको होटलमा आम्दानी हुन्छ, स्थानीय उत्पादन बिक्री हुन्छ, युवाले रोजगारी पाउँछन् र गाउँमै आर्थिक गतिविधि बढ्छ। पर्यटनबाट प्राप्त आम्दानीले कतिपय परिवारको शिक्षा, स्वास्थ्य र दैनिक जीवन सञ्चालन भइरहेको हुन्छ ।

यसरी हेर्दा पदमार्ग एउटा बाटो मात्र होइन, दुर्गम गाउँको अर्थतन्त्र चलाउने महत्वपूर्ण आधार हो। त्यसैले कुनै स्थापित पदमार्गमा डोजर चलाउने निर्णय गर्नुअघि हामीले एउटा महत्वपूर्ण प्रश्न सोध्नुपर्छ- त्यो पदमार्गबाट स्थानीय समुदायले कति रोजगारी र आम्दानी प्राप्त गरिरहेको छ? सडक निर्माणपछि त्यो आम्दानीमा कस्तो प्रभाव पर्छ? यस्ता प्रश्नको जवाफ खोज्ने अध्ययन र सार्वजनिक बहसविना गरिने विकासले दीर्घकालीन रूपमा स्थानीय समुदायलाई नै कमजोर बनाउन सक्छ ।

पदयात्रा अब विदेशी पर्यटकको मात्र गतिविधि रहेन

केही वर्षअघिसम्म नेपालको पदयात्रा पर्यटनलाई मुख्यतः विदेशी पर्यटकसँग जोडेर हेर्ने गरिन्थ्यो। तर अहिले परिस्थिति परिवर्तन हुँदै गएको छ । नेपाली युवायुवती, विद्यार्थी, परिवार, विभिन्न पेसामा आबद्ध व्यक्तिहरु र ज्येष्ठ नागरिकसमेत पदयात्रा तथा प्रकृतिमा आधारित पर्यटनतर्फ आकर्षित भइरहेका छन् । आज पदयात्रा स्वास्थ्य, मनोरञ्जन, मानसिक सन्तुलन, प्रकृतिसँगको सम्बन्ध र आन्तरिक पर्यटनको महत्वपूर्ण माध्यम बन्दै गएको छ ।

हाम्रा आफ्नै नागरिकले पनि हिमाल, पहाड, वनजङ्गल, झरना, नदी र गाउँको प्राकृतिक सुन्दरता अनुभव गर्न पाउनुपर्छ। त्यसैले पदमार्ग संरक्षण गर्नु विदेशी पर्यटकलाई आकर्षित गर्न मात्र आवश्यक छैन । यो नेपाली समाजको जीवनशैली, स्वास्थ्य, प्रकृतिप्रतिको सम्बन्ध र भावी पुस्ताको अनुभवसँग पनि जोडिएको विषय हो ।

पर्यटन प्रवर्द्धन र विकास निर्माणबीच तालमेल खोइ ?

हामी नेपाललाई विश्वको प्रमुख पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने कुरा गर्छौं। अन्तर्राष्ट्रिय पर्यटन मेला, प्रचार अभियान र विभिन्न माध्यमबाट नेपाल घुम्न निमन्त्रणा दिन्छौं । तर पर्यटकलाई नेपालसम्म ल्याएपछि उनीहरूलाई हिँडाउने पदमार्ग, अनुभव गराउने गाउँ, देखाउने प्राकृतिक सम्पदा र उपलब्ध गराउने पर्यटन पूर्वाधारको संरक्षणमा पर्याप्त ध्यान दिन सकेका छौं कि छैनौं ?

एउटा हातले पर्यटन प्रवर्द्धन गर्ने र अर्को हातले पर्यटकीय पदमार्गको मौलिकता तथा प्राकृतिक सौन्दर्यमा असर पर्ने गरी विकास निर्माण अघि बढाउने हो भने हाम्रो प्रयासबीच तालमेल हुँदैन । पर्यटनको प्रचारमा लगानी गर्नु आवश्यक छ। तर त्योभन्दा पनि महत्वपूर्ण पर्यटनको आधार जोगाउनु हो । नेपालको पर्यटनको वास्तविक शक्ति केवल विज्ञापन, प्रचार सामग्री वा अन्तर्राष्ट्रिय अभियानमा छैन । यसको वास्तविक शक्ति यहाँको प्रकृति, संस्कृति, मौलिकता, पदमार्ग र स्थानीय मानिसको जीवनशैलीमा छ ।

संसारले पुराना पैदलमार्गलाई पर्यटन सम्पत्तिका रूपमा जोगाउँछ

विश्वका धेरै देशले आफ्ना ऐतिहासिक पैदलमार्ग, पुराना गाउँ, सांस्कृतिक सम्पदा र प्राकृतिक पदमार्गलाई महत्त्वपूर्ण पर्यटन सम्पत्तिका रूपमा संरक्षण गर्दै आएका छन् । पुरानो बाटो छ भन्दैमा त्यसलाई हटाउनुपर्छ भन्ने हुँदैन । त्यसलाई सुधार गर्न सकिन्छ, सुरक्षित बनाउन सकिन्छ, आवश्यक पूर्वाधार थप्न सकिन्छ र नयाँ पुस्ताका लागि अझ आकर्षक बनाउन सकिन्छ ।

नेपालका परम्परागत गोरेटो, घोडेटो र ऐतिहासिक पैदलमार्ग पनि हाम्रा पुर्खाले प्रयोग गरेका सम्पदा हुन् । यिनमा स्थानीय इतिहास, संस्कृति, व्यापारिक सम्बन्ध र

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै धन आर्जन गर्न सकिनेछ।

वृष
पहिलेको सफलताले नयाँ अवसर दिलाउन सक्छ। थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ।

मिथुन
आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न भौतिक साधन जुट्नेछन् ।

कर्कट
उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ।

सिंह
मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ।

कन्या
शुभचिन्तकहरुले साथ दिनेछन्। लगनशीलताले राम्रो उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ।

तुला
सेवामूलक कामबाट धनलाभ हुनेछ। प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

वृश्चिक
व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ। गोप्य सूचना बाहिरिनाले समस्या पर्नेछ।

धनु
फाइदाको स्रोत पहिल्याउन सकिनेछ। गुरूजनको सुझाव र सन्तानको सहयोग लाभदायी बन्नेछ।

मकर
बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पर्न सक्छ। महत्वाकांक्षी योजना गोप्य राख्नुहोला।

कुम्भ
आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन्। ठगीमा परिने योग भएकाले होसियार रहनुहोला।

मीन
वैधानिक प्रावधानले पनि काम रोकिन सक्छ। फाइदाका लागि गोपनीयतामा ध्यान पुर्याउनुहोला।

डोजरले सडक बनाउँदै छ .....

सामाजिक जीवनको कथा जोडिएको छ । हामीले यस्ता मार्गलाई विकासको बाधाका रूपमा होइन, भविष्यको पर्यटन सम्भावनाका रूपमा हेर्नुपर्छ । हाम्रो मौलिकता नै नेपालको प्रतिस्पर्धात्मक पहिचान हो । यदि सबै ठाउँमा सडक र सवारीसाधन मात्र पुग्ने तर पैदल यात्रा गर्ने मौलिक अनुभव हराउने हो भने हामीले विश्व पर्यटन बजारमा प्रस्तुत गर्ने विशिष्टता के रहन्छ ?

प्रमुख पदमार्गलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गरौं

अब नेपालले पदयात्रा पर्यटनसम्बन्धी दीर्घकालीन र स्पष्ट राष्ट्रिय नीति बनाउन आवश्यक छ । सगरमाथा आधार शिविर, अन्नपूर्ण आधार शिविर, अन्नपूर्ण सर्किट, मनास्लु सर्किट, लाङटाङ, कञ्चनजंघा, घोरेपानी-पुनहिल, मुस्ताङलगायत अन्तर्राष्ट्रिय रूपमा परिचित पदमार्गलाई राष्ट्रिय महत्वका पदमार्गका रूपमा पहिचान गरी संरक्षण गर्ने व्यवस्था गरिनुपर्छ। **यसका लागि सरकारले निम्न विषयलाई नीतिगत प्राथमिकता दिनुपर्छः**

- प्रमुख पदमार्गको आधिकारिक अभिलेख तथा नक्साङ्कन गर्ने।
- पदमार्गको मौलिकता, प्राकृतिक सौन्दर्य र सांस्कृतिक महत्वको संरक्षण गर्ने ।
- सडक निर्माण गर्नुअघि अनिवार्य पर्यटन प्रभाव मूल्याङ्कन गर्ने।
- सम्भव भएसम्म वैकल्पिक सडक मार्ग वा वैकल्पिक पदमार्गको व्यवस्था गर्ने ।
- स्थानीय समुदाय र पर्यटन व्यवसायीको सहभागितामा विकास योजना निर्माण गर्ने ।
- पदयात्रा मार्गमा आवश्यक संकेत चिह्न, विश्रामस्थल, सरसफाइ, सुरक्षा र आधारभूत सुविधा विकास गर्ने ।
- महत्त्वपूर्ण पदमार्गलाई राष्ट्रिय सम्पदाका रूपमा संरक्षण गर्ने कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।
- हामीले सडक निर्माण रोक्ने होइन, सडक निर्माण र पदमार्ग संरक्षणलाई एकैसाथ अघि बढाउने नीति बनाउनुपर्छ।
- पहिले डोजर चलाउने र पछि त्यसको असरबारे सोच्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ।

स्थानीय तहलाई अधिकारसँगै जिम्मेवारी पनि दिऔं

पदयात्रा पर्यटनको संरक्षण केन्द्र सरकारको मात्र जिम्मेवारी होइन । पदयात्रा मार्गसँग जोडिएका स्थानीय तह, वडा, समुदाय र नागरिक यसको पहिलो संरक्षक हुन् । स्थानीय सरकारले आफ्नो क्षेत्रभित्र रहेका ऐतिहासिक तथा पर्यटकीय पदमार्गको अभिलेख तयार गर्नुपर्छ। ती मार्गबाट स्थानीय समुदायले प्राप्त गरिरहेको आर्थिक लाभको अध्ययन गर्नुपर्छ। सडक तथा अन्य पूर्वाधार निर्माण गर्दा पर्यटनमा पर्ने प्रभावलाई विकास योजनाको अभिन्न अङ्ग बनाउनुपर्छ।

स्थानीय नागरिकले पनि आफ्नो गाउँको पदमार्गलाई केवल पर्यटक हिँड्ने बाटोका रूपमा होइन, आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक सम्पत्तिका रूपमा बुझ्न आवश्यक छ । स्थानीय समुदायको सहभागितालाई पर्यटनको दिगो विकास सम्भव छैन। यसका लागि विद्यालयदेखि नै पर्यटन र सम्पदा संरक्षणको शिक्षा दिऔं । पदयात्रा पर्यटन संरक्षणको सबैभन्दा दीर्घकालीन आधार शिक्षा हो ।

स्थानीय विद्यालयको निम्न माध्यमिक तहदेखि नै विद्यार्थीलाई आफ्नो क्षेत्रको प्राकृतिक सम्पदा, ऐतिहासिक पदमार्ग, पर्यटन, वातावरण संरक्षण, जैविक विविधता, जलवायु परिवर्तन, हिमाली संस्कृति र जिम्मेवार पर्यटनबारे आधारभूत शिक्षा दिन सकिन्छ ।

आफ्नो गाउँमा रहेको पदमार्गको महत्व, त्यसबाट सिर्जना हुने रोजगारी र स्थानीय अर्थतन्त्रमा त्यसको योगदानबारे विद्यार्थीलाई जानकारी गराउनुपर्छ । आजका विद्यार्थी भोलिका जनप्रतिनिधि, उद्यमी, शिक्षक, पर्यटन व्यवसायी र नीति निर्माता हुन्। उनीहरूले आफ्नो गाउँको प्राकृतिक तथा सांस्कृतिक सम्पदाको महत्व बुझ्न सके भने त्यसको संरक्षण गर्ने जिम्मेवार पुस्ता तयार हुनेछ ।

सडक र पदमार्गबीच प्रतिस्पर्धा होइन, सहअस्तित्व आवश्यक छ

हामीले विकास र संरक्षणलाई एकअर्काको विरोधीका रूपमा हेर्नु हुँदैन । सडक र पदमार्ग दुवै आवश्यक छन्। सडकले नागरिकको दैनिक जीवन सहज बनाउँछ भने पदमार्गले पर्यटन, स्थानीय रोजगारी र प्राकृतिक तथा सांस्कृतिक अनुभवलाई जीवन्त राख्छ ।

सडक निर्माण गर्दा सम्भव भएसम्म पर्यटकीय पदमार्गलाई सुरक्षित राख्न सकिन्छ। आवश्यक ठाउँमा सडकको मार्ग परिवर्तन गर्न सकिन्छ । पदमार्गलाई सडकबाट अलग र सुरक्षित बनाउन सकिन्छ। सडक र पदमार्ग दुवैको उपयोग हुने गरी एकीकृत योजना बनाउन सकिन्छ ।

यसका लागि इच्छाशक्ति, प्राविधिक अध्ययन, दीर्घकालीन सोच र सरोकारवालाबीच सहकार्य आवश्यक छ। विकासको नाममा भएको सम्पत्ति नष्ट गर्नु विकास होइन। नयाँ पूर्वाधार निर्माण गर्दा पुरानो सम्पदाको संरक्षण गर्न सक्नु नै परिपक्व विकासको परिचय हो

अब प्रश्न पर्यटन व्यवसायीको मात्र होइन, राष्ट्रकै हो

नेपालको पदयात्रा पर्यटन कुनै एक व्यक्ति, कम्पनी, व्यवसायी वा संस्थाको निजी सम्पत्ति होइन। यो नेपालको राष्ट्रिय सम्पत्ति हो। यसले हिमाललाई संसारसँग जोडेको छ। गाउँलाई विश्व बजारसँग जोडेको छ । स्थानीय युवालाई रोजगारी दिएको छ। नेपालको प्राकृतिक र सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गरेको छ। यस क्षेत्रमा हजारौं पर्यटन व्यवसायी, गाइड, भरिया, होटल व्यवसायी, स्थानीय उद्यमी र समुदायले दशकौंदेखि योगदान दिँदै आएका छन् ।

हामीले आजसम्म निर्माण गरेको यो पहिचान एकै दिनमा बनेको होइन। यसका पछाडि धेरै मानिसको पसिना, लगानी, अनुभव र पुस्तौंको योगदान छ । त्यसैले यसको संरक्षणको जिम्मेवारी पनि सबैको साझा हुनुपर्छ। सरकार, स्थानीय तह, पर्यटन व्यवसायी, पर्यटनसम्बन्धी संघसंस्था, संरक्षणकर्मी, सञ्चारमाध्यम र नागरिक समाजले यस विषयमा गम्भीर बहस र सहकार्य सुरू गर्नुपर्छ।

अन्तिम प्रश्न : हामी कस्तो नेपाल भावी पुस्तालाई हस्तान्तरण गर्दैछौं?

आज हामीले आफैंलाई एउटा गम्भीर प्रश्न सोध्नुपर्ने बेला आएको छ । हामी हाम्रा छोराछोरी र भावी पुस्तालाई कस्तो नेपाल हस्तान्तरण गर्दैछौं? सडकले भरिएको तर मौलिक पदमार्ग गुमाएको नेपाल, कि आधुनिक सडक सञ्जालसँगै सुरक्षित, संरक्षित र जीवन्त पदमार्ग भएको समृद्ध नेपाल ?

हामीलाई सडक चाहिन्छ, तर पदमार्ग पनि चाहिन्छ । हामीलाई विकास चाहिन्छ, तर प्राकृतिक सम्पदाको संरक्षण पनि चाहिन्छ। हामीलाई आधुनिकता चाहिन्छ, तर हाम्रो मौलिक पहिचान पनि चाहिन्छ। हामीलाई आर्थिक समृद्धि चाहिन्छ, तर स्थानीय समुदायको दिगो रोजगारी र भविष्य पनि सुरक्षित हुनुपर्छ । यीमध्ये कुनै एउटा रोज्नुपर्ने अवस्था छैन। सही योजना, अध्ययन र दूरदर्शी सोच भए दुवैलाई सँगसँगै अघि बढाउन सकिन्छ ।

आज एउटा डोजरले सडक निर्माण गर्न सक्छ । तर गलत योजना र निर्णयले दशकौंको पर्यटन सम्भावना समाप्त पार्न सक्छ। एउटा पदमार्ग जोगाउने निर्णयले हजारौं परिवारको रोजगारी, स्थानीय अर्थतन्त्र, नेपालको अन्तर्राष्ट्रिय पर्यटन पहिचान र भावी पुस्ताको सम्भावना जोगाउन सक्छ ।

त्यसैले मेरो आग्रह छ- सडक बनाऔं, तर पदमार्ग नमेटाऔं । विकास गरौं, तर पर्यटनको आधार नभत्काऔं । नयाँ पूर्वाधार बनाऔं, तर पुरानो सम्पदा नष्ट नगरौं । डोजर चलाउनुअघि त्यसले भत्काउने बाटो मात्र होइन, त्यससँग जोडिएको भविष्य पनि हेरौं ।

नेपालको पदयात्रा पर्यटन जोगाउनु भनेको केवल एउटा पर्यटन व्यवसाय जोगाउनु होइन। यो नेपालको राष्ट्रिय पहिचान, स्थानीय समुदायको अर्थतन्त्र, प्राकृतिक सम्पदा र भावी पुस्ताको सम्भावना जोगाउनु हो । किनकि- पदमार्ग केवल हिँड्ने बाटो होइन; यो नेपालको इतिहास हो, वर्तमानको रोजगारी हो र भविष्यको समृद्धिको सम्भावना हो। आउनुहोस्, विकास र संरक्षणलाई सँगसँगै अघि बढाऔं। नेपालको पदयात्रा पर्यटन बचाऔं । हाम्रा पदमार्ग जोगाऔं । हाम्रो मौलिक पहिचान सुरक्षित राखौं । नेपालप्रेसबाट

(लेखक पदयात्रा पर्यटन व्यवसायी तथा Outdoor Himalayan Treks Pvt. Ltd. का संस्थापक तथा प्रबन्ध निर्देशक हुन् ।)

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

मुख्यमन्त्री नवप्रवर्तन .....

प्रतिशत अर्थात् ३७ लाख ५० हजार रूपैयाँ व्यहोर्नेछन् ।

परियोजना २०८३ मंसिर १६ गतेदेखि २०८४ वैशाख ३० गतेसम्म सञ्चालन गर्ने कार्ययोजना छ । परियोजनाले पूर्वाधार निर्माण, उद्यमशीलता विकास, पर्यटन प्रवर्द्धन, कृषि विकास तथा अन्य विविध कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । परियोजनाअन्तर्गत २५ प्रतिशत बजेट पूर्वाधार निर्माणमा खर्च गरिनेछ। यसअन्तर्गत स्टोन ट्रेल निर्माण, पाहुना घर निर्माण तथा कालो सुँगुरको खोर व्यवस्थापन र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

त्यसैगरी, उद्यमशीलता विकासतर्फ २५ प्रतिशत बजेट विनियोजन गरिएको छ । सामुदायिक वनमा बाँसखेती विस्तार, भुजेल समुदायको परम्परागत पेसा संरक्षण, बाँसका हस्तकलाका सामग्री निर्माण तथा दलित समुदायको परम्परागत पेसा संरक्षण र प्रवर्द्धनसँगै व्यावसायिक मौरीपालनलाई अघि बढाइने परियोजनामा उल्लेख छ ।

पर्यटन प्रवर्द्धनका लागि पनि २५ प्रतिशत बजेट छुट्याइएको छ। यसअन्तर्गत अतिथिसत्कार, होमस्टेको स्तरीकरण, मौलिक कला तथा संस्कृतिको संरक्षण, संग्रहालय व्यवस्थापन, मगर पहिचान र भेषभूषाको संरक्षण, प्रचारप्रसार तथा सरसफाइका कार्यक्रम सञ्चालन गरिनेछन् ।

कृषि विकासतर्फ १५ प्रतिशत बजेट खर्च गरिनेछ । ड्रागन खेती विस्तार, स्थानीय रैथाने बालीको संरक्षण तथा सिँचाइ व्यवस्थापनलाई प्राथमिकता दिइएको छ । बाँकी १० प्रतिशत बजेट अध्ययन, अनुगमन, लेखापरीक्षण, प्याकेजिङ, अभिमुखीकरण तथा परामर्शलगायत विविध कार्यक्रमका लागि उपयोग गरिनेछ ।

व्यास नगरपालिकाको आयोजना तथा गण्डकी प्रदेश सरकारको साझेदारीमा सञ्चालन हुने परियोजनाले बेनीकोट क्षेत्रको मौलिक संस्कृति, स्थानीय सीप, कृषि उत्पादन र पर्यटकीय सम्भावनालाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । कृषि र पर्यटनलाई स्थानीय उद्यमसँग जोड्दै समुदायको आर्थिक गतिविधि विस्तार गर्नु परियोजनाको मुख्य उद्देश्य देखिन्छ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

व्यक्ति एउटै भएको सूचना




गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ५ बस्ने भारतीय सेना भू.पु.नं. ५८४५७५३ P दर्जा LNK, पल्टन ४/९ GR का **सुर्य बहादुर श्रेष्ठ**को नेपाली नागरिकता प्रमाणपत्रमा निजको नाम थर **सूर्य बहादुर श्रेष्ठ** भएको र जन्म मिति २०१९/०१/३० भएको र निजको भारतीय पेन्सन पट्टामा नाम थर **सूर्य बहादुर नेपाली** र जन्म मिति सन् १९६४/०७/३० भई नाम थर र जन्म मिति फरक भएता पनि व्यक्ति एउटै भएको सिफारिस गरिन्छ।

यस्तै, निजको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र (ना.प्र.नं. १८८) र भारतीय डिस्चार्ज सर्टिफिकेटमा नामथर **लालु माया** रहेको तर पि.पि.ओ. (PPO) फर्ममा नामथर **लालु माया नेपाली** उल्लेख भई नामथर फरक फरक परेता पनि व्यक्ति एउटै भएको व्यहोरा भारतीय पेन्सन प्रयोजनका लागि सिफारिस गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, तनहुँ ।



विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

मंसिर ०४ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मंसिर ०५ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

मंसिर ०६ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि. व्यास-२, अमरसिंह मार्ग, दमौली ।
फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



अस्पतालमा विरामीको चाप

तनहुँको शुक्लागण्डकी नगरपालिका वडा नं. ५ स्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा मंगलबार स्वास्थ्य सेवा लिन आएका सेवाग्राही । तिहार तथा छठ पर्वका कारण लामो विदा पश्चात मंगलबार अस्पतालको ओपिडि सेवा सुरू भएपछि करिब ५१० विरामीले उपचार सेवा लिएको केन्द्रले जनाएको छ ।

तस्विर : भञ्ज्याङ

उपल्लो मुस्ताङलाई निषेधित क्षेत्रबाट हटाउने तयारी

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

तीन दशकदेखि विदेशी पर्यटकको पहुँचमा कडा सर्त र अतिरिक्त शुल्कको घेरा लगाइएको उपल्लो मुस्ताङलाई निषेधित क्षेत्रको सूचीबाट हटाउने विषयले औपचारिक प्रक्रिया पाएको छ । अध्यागमन विभागले निषेधित क्षेत्रको व्यवस्थाबारे पुनरावलोकन गर्न जिल्ला प्रशासन कार्यालय मुस्ताङमार्फत स्थानीय तहको राय मागेपछि प्रतिबन्ध हटाउने लामो समयदेखिको स्थानीय माग कार्यान्वयनको चरणमा पुगेको हो।

उत्तरी मुस्ताङको पर्यटन विकासमा बाधक मानिँदै आएको विशेष अनुमति र महँगो प्रवेश शुल्कको व्यवस्था हटाउन स्थानीय जनप्रतिनिधिले एक दशकभन्दा लामो समयदेखि सरकारसँग माग गर्दै आएका थिए । पछिल्लो पटक विभागले गत असोज १२ गते जिल्ला प्रशासन कार्यालयलाई पत्र पठाएर निषेधित क्षेत्र कायम राख्नुपर्ने वा हटाउनुपर्ने आधार, कारण र औचित्यसहित सात दिनभित्र सिफारिस पठाउन भनेको छ ।

विभागको पत्र प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले तिहार बिदाअघि नै लोमन्थाङ र लो-घेकर दामोदरकुण्ड गाउँपालिकासँग राय माग गरेको थियो । लो-घेकर दामोदरकुण्ड गाउँपालिकाले आफ्नो क्षेत्रका पाँचवटै वडालाई निषेधित क्षेत्रको सूचीबाट हटाउन सरकारसमक्ष सिफारिस गर्ने निर्णय गरिसकेको छ। गाउँपालिका अध्यक्ष लोप्साङ छोम्पेल विष्टका अनुसार कात्तिक २० गते अध्यक्षतामा बसेको गाउँकार्यपालिका बैठकले वडा नम्बर १ देखि ५ सम्मका सम्पूर्ण भूभाग निषेधित क्षेत्रबाट हटाउन सिफारिस गर्ने निर्णय गरेको हो ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी एकनारायण भण्डारीले स्थानीय तहबाट प्राप्त हुने निर्णय र सुझाव समेटेर आगामी साताभित्र विभागमा पठाइने बताए । उनका अनुसार सम्बन्धित गाउँपालिकासँग राय माग गरिएको छ। लगातार सार्वजनिक बिदा परेकाले बिदा सकिएलगत्तै प्रक्रिया अघि बढ्ने जानकारी आएको छ ।

पर्यटनको सम्भावना र शुल्कको अवरोध

उपल्लो मुस्ताङलाई निषेधित क्षेत्रबाट हटाउनुपर्ने स्थानीयको प्रमुख आधार पर्यटन र व्यापार विस्तारको सम्भावना हो । चीनसँग जोडिएको कोरला नाका स्थायी रूपमा सञ्चालनमा आएपछि सीमापार व्यापारसँगै धार्मिक तथा पर्यटकीय आवागमन बढ्ने अपेक्षा गरिएको



छ। तर, एकातिर अन्तर्राष्ट्रिय नाका सञ्चालनको तयारी र अर्कोतिर विदेशी पर्यटकका लागि विशेष अनुमति तथा महँगो शुल्कको बाध्यताले क्षेत्रको सम्भावना खुम्चिएको जनप्रतिनिधिको भनाइ छ ।

कोरला नाका हुँदै कैलाश मानसरोवर जाने पर्यटकलाई लक्षित गरी एक वर्षअघि अध्यागमन कार्यालयसमेत स्थापना गरिएको छ । हिन्दु, बौद्ध, जैनलगायत विभिन्न धर्मावलम्बीको आस्थाको केन्द्र कैलाश मानसरोवरसम्म पुग्ने सम्भावित मार्गका रूपमा उपल्लो मुस्ताङलाई विकास गर्न सकिने स्थानीयको अपेक्षा छ ।

लोमन्थाङ गाउँपालिका अध्यक्ष टसी नर्बु गुरूङले निषेधित क्षेत्रको व्यवस्थाले पर्यटन गतिविधि मात्र नभई आपत्कालीन स्वास्थ्य सेवा र उद्धारमा समेत समस्या सिर्जना गरेको बताए । गम्भीर स्वास्थ्य समस्या भएका बिरामीलाई तत्काल उद्धार गर्नुपर्ने अवस्थामा विशेष अनुमति र प्रक्रियागत जटिलताले कठिनाइ हुने गरेको उनको भनाइ छ । उनले भने, "विभागको पत्रबाट उत्साहित छौं, अब उपल्लो मुस्ताङको पर्यटनमा आशा पलाएको छ । यो लामो समयको प्रयासपछिको सफलताको सुरूवात हो ।"

निषेधित क्षेत्रको व्यवस्थाले उपल्लो मुस्ताङको पर्यटनलाई सीमित घेराभित्र राखेको उल्लेख गर्दै उहाँले यसलाई हटाउन सके स्थानीय पर्यटन व्यवसाय, रोजगारी र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने बताउनुभयो ।

वार्षिक पर्यटक आगमन न्यून

मुस्ताङमा वार्षिक एक लाख २० हजारभन्दा बढी विदेशी पर्यटक पुग्ने गरे पनि उपल्लो मुस्ताङमा जानेको संख्या भने निकै कम छ। प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीका अनुसार विशेष अनुमति लिनुपर्ने व्यवस्था र प्रतिदिन लाग्ने महँगो शुल्क नै पर्यटकको आवागमन न्यून हुनुको प्रमुख कारण हो । हाल विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को प्रवेश अनुमतिका अतिरिक्त अध्यागमन विभागबाट प्रतिव्यक्ति प्रतिदिन ५० अमेरिकी डलर बराबरको विशेष पदयात्रा अनुमति लिनुपर्छ । यस्तो व्यवस्थाले लामो समय उपल्लो मुस्ताङमा बस्न चाहने पर्यटकलाई आर्थिक भार पर्ने गरेको छ ।

सांसद थकालीले मुक्तिनाथ दर्शनका लागि आउने भारतीय पर्यटकलाई उपल्लो मुस्ताङको नेचुङ हुँदै कोरला नाका जोडेर कैलाश मानसरोवरसम्मको धार्मिक पर्यटन मार्ग विकास गर्न सकिने बताए । उनका अनुसार यो सम्भावनालाई उपयोग गर्न सके मुस्ताङको पर्यटनले नयाँ बजार र अन्तर्राष्ट्रिय पहिचान पाउन सक्छ।

प्राचीन सभ्यता र संस्कृतिको आकर्षण

उपल्लो मुस्ताङको मुख्य पर्यटकीय आकर्षण कोरला नाका मात्र होइन । लोमान्थाङ दरबार, प्राचीन मानवबस्ती, गुफा, गुम्बा, माटोबाट निर्मित परम्परागत बस्ती, मौलिक संस्कृति र जीवनशैली विदेशी पर्यटकका प्रमुख आकर्षण हुन् । पर्यटकहरु सीमावर्ती क्षेत्र पुगेर फर्किनुभन्दा यस्ता ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको अवलोकनमा बढी समय बिताउने गरेका छन् । हाल वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ छुसाङ र डोल्पासँग सीमा जोडिएको वडा नम्बर ५ साङ्ता क्षेत्रसमेत निषेधित क्षेत्रको सूचीमा समेटिएका छन् । लोमन्थाङ र लो-घेकर दामोदरकुण्डका पर्यटकीय गन्तव्यसम्म पुग्नसमेत विदेशीले विशेष अनुमति लिनुपर्ने बाध्यता छ ।

नेपाल सरकारले सन् १९९२ मा उपल्लो मुस्ताङलाई विदेशी पर्यटकका लागि खुला गरेको थियो। तर, खुला गरिए पनि विशेष अनुमति र शुल्कको प्रावधान कायमै राखिएकाले पर्यटन विस्तार अपेक्षाकृत हुन सकेको छैन । वसन्त र शरद् ऋतुमा पदयात्रा तथा सडकमार्ग हुँदै पर्यटक पुग्ने यस क्षेत्रको पर्यटनलाई निषेधित क्षेत्रको व्यवस्था हटेपछि थप सहज हुने अपेक्षा गरिएको छ । अध्यागमन नियमावली, २०५१ अनुसार मुस्ताङसहित उत्तरी हिमाली क्षेत्रका १३ जिल्लाका १५ सीमावर्ती क्षेत्रलाई विशेष पदयात्रा अनुमति लिएर मात्र प्रवेश गर्न पाउने निषेधित क्षेत्रका रूपमा तोकिएको छ । अब सरकारले स्थानीय तहको राय र सिफारिसका आधारमा गर्ने निर्णयले उपल्लो मुस्ताङको पर्यटन, सीमापार व्यापार र स्थानीय जनजीवनको भविष्य निर्धारण गर्ने देखिएको छ ।

facebook twitter



Baral Arune
x.com/ArunBaral1

गाउँको आँखीझ्यालबाट हेर्दा-

१. डिजिटल जमानामा इन्टरनेटको मूल्यवृद्धि-(शहरमा पनि बढेको)
२. गाडीभाडामा मनपरी, नागरिक मारमा । नेता र सांसद प्लेनमा सरर। सरकार घुम्ने कुर्सीमा फनन ।
३. चाडबाड र बिदाका दिन सबै बैंकका एटीएम सेवा बन्द । नियमन गर्ने कोही नाइँ ।
४. चाडबाडमा पेट्रोलपम्प जस्तो अत्यावश्यक सेवासमेत बन्द । बोल्ने कोही छैन ।
५. गाउँबाट फर्कनेहरूका लागि काठमाडौं ट्याक्सीबाट मनपरी भाडा असुली, सरकारको अनुगमन शून्य ।
६. हेल्लो सरकारलाई उजुरी गर्दा कानमा बतास लागेन ।
७. बाटो धुलाम्य, एडीबीको ऋणमा केही वर्षयता नियमित बनिरहेको राजमार्गबाहेक अन्य विकासका काम प्रायः ठप्प ।
८. कानून बनाउनुपर्ने संघीय सांसद 'विकासमा काममा आफूसित समन्वय भएन' भन्दै वडाध्यक्षसँग झगडामा मस्त। किसानहरू बाँदर र हात्तीसँग संघर्षमै व्यस्त । (बहसचाहिँ जनावरबाट बाली जोगाउने विषयमा हुनुपर्ने थियो । बाँदर व्यवस्थापन सम्बन्धी कानूनबारे बहस गरे हुने ।)
९. निजी अस्पताल र औषधि पसलको ब्रह्मलुट। न कसैको अनुगमन, न 'माननीय'को निगरानी।
१०. दुई तिहाइको सरकार सिंहदरबार र स्टन्टमा सीमित। नेता/पत्रकार युट्युब र फेसबुकमा मख्ख । जनता टिकटक र रिलमा लट्ठ ।

हिमालय आँखा अस्पताल .....

आँखा अस्पतालका अध्यक्ष सुरेन्द्र थापाले अस्पतालले आर्थिक अवस्था कमजोर भएका, अपाङ्गता भएका तथा ज्येष्ठ नागरिकलाई आँखा उपचारमा निःशुल्क सेवा प्रदान गर्दै आएको जानकारी दिए। उपचार केन्द्र स्थापना गर्नु मात्र पर्याप्त नहुने भन्दै उनले सेवालाई निरन्तरता दिन र प्रभावकारी बनाउन सबै पक्षको सहकार्य आवश्यक रहेको बताए ।

हिमालय आँखा अस्पताल व्यवस्थापन समितिका सदस्य प्राडा. दिलबहादुर क्षेत्रीले आँखाको नियमित परीक्षणमा ध्यान दिन आग्रह गरे । समयमै परीक्षण र उपचार गर्न सके आँखासम्बन्धी धेरै समस्याबाट बच्न सकिने उनको भनाइ थियो ।

नगर उपप्रमुख इन्दिरा दरैले नगरपालिकाले स्वास्थ्य शिविर तथा जनस्वास्थ्यसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिँदै आएको बताइन । नगरभित्रै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयासअन्तर्गत आँखा उपचार केन्द्र सञ्चालनमा ल्याइएको उनले उल्लेख गरिन ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्सालले केन्द्र सञ्चालनबाट व्यास नगरपालिकाका साथै आसपासका क्षेत्रका नागरिकलाई समेत लाभ पुग्ने बताए । स्थानीयस्तरमै सेवा उपलब्ध हुँदा सामान्य आँखा परीक्षणका लागि टाढा जानुपर्ने बाध्यता घट्ने र समयमै उपचार गराउन सहज हुने उनको भनाइ थियो ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४